# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (विगो नं. १९/३५, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर फिदिम न.पा. वडा नं. २ बस्ने देवीप्रसाद हुमागाई प्रतिवादी ऐ.ऐ. बस्ने मोतीप्रसाद ढुंगाना भएको मु.नं. ०७५-CP-०३१३ को लेनदेन मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७६/०८/२५ को फैसला बमोजिम नगद साँवा रकम रु.२०,००,०००/- र सो को लिखत भएको मिति २०७२/०४/०२ देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. ११,६४,७९४।६४ फिराद साथ दाखिला गरेको अदालती शुल्क रु.४४,४५०।- र पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.३६९७।९५ समेतको जम्मा विगो रकम रु.३२,१२,९४२।५९ भराई पाऊँ भनी वादीको मिति २०७६/११/१३ मा दरखास्त परी प्रतिवादीको नाममा ३५ दिने सूचना म्याद जारी गरिएकोमा सो म्याद मिति २०७७/०४/०२ मा तामेल भएको निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनु परेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७७/०९/२८ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम गर्न पहिलो पटक तोकिएको मिति २०७७/१२/२९ को डाक लिलाममा कसैले पनि डाक सकार नगरेको हुँदा पुनः डाक लिलाम गरी उक्त विगो भराईदिनु परेको हुँदा दोस्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७७/०९/२८ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७८/०१/२९ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फिदिम न.पा. २ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय पाँचथरमा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/०१/२९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य प्रति रोपनी |
|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर | लालीखर्क | ९क | ११२१ | ०-६-३-२ | मोतीप्रसाद ढुंगाना | रु.१८,००,०००।- |
| २ | पाँचथर | लालीखर्क | ९क | ६७५ | ३-६-२-१ | मोतीप्रसाद ढुंगाना | रु.१८,००,०००।- |
| ३ | पाँचथर | लालीखर्क | ९क | ६६९ | ०-४-०-२ | मोतीप्रसाद ढुंगाना | रु.९,६०,०००।- |
| ४ | पाँचथर | लालीखर्क | ९क | ६७१ | ०-५-१-१ | मोतीप्रसाद ढुंगाना | रु.९,६०,०००।- |
| ५ | कि.नं. ११२१ र कि.नं. ६७५ मा बनेको ढुंगा माटोले बनेको दुई वटा घर, गोदाम एक वटा र गाई ग्वाली एक वटा | | | | | | रु.९,२०,०००।- |

ईति सम्वत २०७८ साल बैशाख महिना ०६ गते रोज २ शुभम्------------------------------------------